# वार्षिक प्रगति प्रतिवेदन

## (Annual Progress Report)

## २०८१।८२


नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राष्ट्रिय तथ्याङ्क कार्यालय

तथ्याङ्क समन्वय कार्यालय बागलुङ

प्रकाशक :
तथ्याङ्क समन्वय कार्यालय,बागलुङ
फोन. नं ०६८-५२०२७६
इमेल : scobaglung@nsonepal.gov.np

# सारांश

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ र तथ्याङ्क ऐन, २०७९ को दफा ३३ ले सरकारी कार्यालयहरूले हरेक वर्ष वार्षिक प्रगति प्रतिवेदन तयार गरी सार्वजनिक गर्नुपर्ने उल्लेख गरेको छ। त्यस्तै सूचनाको हकसम्वन्धी ऐन, २०६४ लगायतका विभिन्न कानुनले नागरिकको सूचना प्राप्त गर्न पाउने अधिकारलाई स्थापित गरेका छन्। यिनै कानुनी व्यवस्थालाई आत्मसात गरी तथ्याङ्क समन्वय कार्यालय बागलुङले आर्थिक वर्ष २०८१/८२ मा सम्पादन गरेका कार्य सम्बन्धित सरोकारवाला समक्ष सम्प्रेषण गर्ने उद्देश्यले यो वार्षिक प्रतिवेदन प्रकाशन गरिएको छ।

राष्ट्रिय तथ्याङ्क कार्यालयले योजना तथा नीति निर्माणका लागि सरकारलाई समयमै गुणस्तरीय तथ्याङ्क उपलब्ध गराउने, देशको सामाजिक-आर्थिक अवस्थाको जानकारी दिने, तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण र संरक्षणमा संलग्न विभिन्न निकायहरूसँग समन्वय गर्ने, तथ्याङ्कीय गतिविधिहरूमा अग्रणी भूमिका निर्वाह गर्दै तथ्याङ्कीय प्रणालीको विकास गर्ने, तथ्याङ्कीय जनशक्तिको विकास गर्ने जस्ता कार्यहरूमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको छ। तथ्याङ्क समन्वय कार्यालय बागलुङबाट आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित वार्षिक कार्यक्रम, प्रमुख उपलब्धि, माइलस्टोनको प्रगति, भौतिक तथा वित्तीय प्रगति, बेरुजु र बेरुजु फछ्र्यौटको अवस्था, सङ्कलित राजश्व, समस्या तथा समाधानका उपायहरू, चुनौती र अवसर यस प्रतिवेदनमा समेटिएका छन्।

यस प्रतिवेदनमा जम्मा चार वटा खण्ड रहेका छन्। खण्ड १ मा कार्यालयको परिचयसँगै कार्यालयको कार्यसम्पादनका नीतिगत तथा कानुनी आधारहरू उल्लेख गरिएको छ। खण्ड २ मा आर्थिक वर्ष २०८१/८२ का प्रमुख कार्यक्रमहरूको विवरणसँगै प्रमुख नतिजा र कार्यक्रमहरूको अपेक्षित उपलब्धि उल्लेख गरिएको छ। खण्ड ३ मा माइलस्टोन, भौतिक तथा वित्तीय प्रगति उल्लेख गरिएको छ जसमा सम्पन्न हुन नसकेका केही महत्वपूर्ण कार्यक्रमका विषयसमेत उल्लेख छ। खण्ड ४ मा विविध अवस्थाका बारेमा उल्लेख गरिएको छ। आर्थिक वर्ष २०८१/८२ मा तथ्याङ्क समन्वय कार्यालय बागलुङले कुल २४ वटा प्रमुख कार्यक्रमहरू सम्पादन गरेका छन्। यसमा नाफा नकमाई घरपरिवारलाई सहयोग गर्ने संस्थाहरूको सर्वेक्षण, चार वटा सर्वेक्षण (व्यावसायिक कुखुरापालन सर्वेक्षण, निजी शिक्षण संस्था सर्वेक्षण, केही अस्थायी बालीको उत्पादन लागत अध्ययन/सर्वेक्षण र नेपाल बहुसूचक सर्वेक्षण) को स्थलगत तथ्याङ्क सङ्कलन, एउटा सर्वेक्षण (आन्तरिक पर्यटन सर्वेक्षण) को १२ मध्ये नौ महिनाको तथ्याङ्क सङ्कलन कार्य सम्पन्न भएका छन्।

आर्थिक वर्ष २०८१/८२ मा तथ्याङ्क समन्वय कार्यालय बागलुङको चालुतर्फ ४२ प्रतिशत र पुँजीगततर्फ ९८.४ प्रतिशत गरी कुल ४६.१ प्रतिशत वित्तीय प्रगति भएको छ। त्यस्तै भौतिक प्रगति हेर्दा चालुतर्फ ७५.४ प्रतिशत र पुँजीगततर्फ १०० प्रतिशत भौतिक प्रगति भएको छ।

आर्थिक वर्ष २०८०/८१ सम्ममा तथ्याङ्क समन्वय कार्यालय बागलुङको कुनै पनि शिर्षकमा बेरुजु रहेको छैन। आर्थिक वर्ष २०८१/८२ मा तथ्याङ्क समन्वय कार्यालय बागलुङको कुल रू. ४८०० रकम राजश्वबाट आम्दानी भएको छ।

## खण्ड-१
## परिचय

### १.१ पृष्ठभूमि

विक्रम सम्वत् १९६८ मा तत्कालीन राणा प्रधानमन्त्री चन्द्र शमशेरको पालामा सञ्चालन गरिएको जनगणनालाई नेपालको पहिलो आधिकारिक तथ्याङ्कीय गतिविधि मानिएको छ। विक्रम सम्वत् २००७ अगाडि नेपालको तथ्याङ्कीय कार्य सम्पादन गर्नका लागि औद्योगिक व्यापारिक समाचार सङ्ग्रह अड्डा र जनसङ्ख्या गोश्वारा नामक दुईओटा अड्डाहरू क्रियाशील रहेका थिए। विक्रम सम्वत् २००७ मा ती दुवै अड्डालाई गाभेर सङ्ख्या विभाग स्थापना गरिएको थियो। विक्रम सम्वत् २००९ मा जनगणना ऐन जारी भएपछि उक्त विभागले पाँचौं जनगणना (२००९-२०११) सञ्चालन गरेको थियो।

पहिलो आवधिक योजना (विक्रम सम्वत् २०१३-२०१८) तर्जुमा गर्दा तथ्याङ्कको अभाव महसुस गरी तथ्याङ्कको क्षेत्र विस्तार गर्ने, केन्द्रीय तथ्याङ्क विभाग र यसका शाखा कार्यालयहरूको स्थापना गर्ने जस्ता महत्वपूर्ण विषयहरू उल्लेख गरेको पाइन्छ। फलस्वरूप जनता र मुलुकको ठोस हित हुने नीति निर्माण गर्न, सरकारी निकायहरूको प्रशासकीय निपुर्णता बढाउन र मुलुकको आर्थिक गतिविधि बारे यथार्थ ज्ञान प्राप्त गर्न, तथ्याङ्क सङ्कलन, सङ्ग्रह, प्रकाशन र विश्लेषण गर्ने उद्देश्य राखेर तथ्याङ्क ऐन, २०१५ जारी गरेको देखिन्छ। उक्त ऐनबमोजिम विक्रम सम्वत् २०१५ पुस १७ गते केन्द्रीय तथ्याङ्क विभागको स्थापना भएको थियो। विक्रम सम्वत् २०१७ मा तथ्याङ्क नियम जारी गरिनु र निजामती सेवा ऐन, २०४९ मा नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा र तथ्याङ्क समूह गठन हुनु नेपालको तथ्याङ्कीय विकासक्रमका प्रमुख परिघटनाहरू हुन्। संस्थागत विकास क्रममा विक्रम सम्वत् २०५० मा केन्द्रीय तथ्याङ्क विभाग मातहत ३३ वटा शाखा तथ्याङ्क कार्यालयहरू स्थापना भएका थिए। मुलुकको संघीय शासन प्रणाली अनुरूपको तथ्याङ्क ऐन, २०७९ जारी भएपछि विक्रम सम्वत् २०७९ साल असोज २७ गते साविकको केन्द्रीय तथ्याङ्क विभाग हालको राष्ट्रिय तथ्याङ्क कार्यालयमा स्तरोन्नति भयो। आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यमा विभिन्न सरकारी कार्यालयहरूको पुनर्संरचना गर्ने उल्लेख गरिएअनुसार साविकमा रहेका ३३ वटा तथ्याङ्क कार्यालयहरूलाई विक्रम सम्वत् २०८१ साउन १ गतेबाट लागु हुने गरी १८ वटा तथ्याङ्क समन्वय कार्यालयहरूमा रूपान्तरण गरियो। ऐनले निर्दिष्ट गरेअनुसार राष्ट्रिय तथ्याङ्क कार्यालयको नेतृत्व नेपाल सरकारको विशिष्ट श्रेणी (सचिवस्तर) का प्रमुख तथ्याङ्क अधिकारीबाट भएको छ।

## १.२ नेपालको राष्ट्रिय तथ्याङ्क प्रणाली

आधिकारिक तथ्याङ्कसँग सम्बन्धित कानुनी प्रावधान, पूर्वाधार तथा संस्थागत व्यवस्थाको समष्टिगत स्वरूपलाई राष्ट्रिय तथ्याङ्क प्रणाली भनेर बुझिन्छ। यसले आधिकारिक तथ्याङ्कको उत्पादन, वितरण, प्रयोग, भण्डारण जस्ता क्रियाकलाप सञ्चालन गर्न संगठित भएका तथ्याङ्कीय संगठन तथा एकाइहरूको समूहलाई प्रतिबिम्बित गर्दछ। तथ्याङ्क ऐन, २०७९ को दफा ३ ले राष्ट्रिय तथ्याङ्क प्रणाली स्थापना गर्ने विषय उल्लेख गरेको छ। जसअनुसार तथ्याङ्क ऐन तथा प्रचलित कानुनबमोजिम कार्यालय, सरकारी निकाय तथा सार्वजनिक संस्थाले सङ्कलन गरेको तथ्याङ्कको एकीकृत प्रणालीको रूपमा राष्ट्रिय तथ्याङ्क प्रणालीको स्थापना गर्ने विषय उल्लेख गरिएको छ। साथै, तथ्याङ्क नियमावली, २०८० को नियम ३ मा राष्ट्रिय तथ्याङ्क प्रणालीमा आबद्ध हुन पूरा गर्नुपर्ने आधारहरू उल्लेख गरिएको छ। एक सबल र भरपर्दो राष्ट्रिय तथ्याङ्क प्रणाली स्थापना गरी गुणस्तरीय तथ्याङ्कको समयमै आपूर्ति गर्न आर्थिक वर्ष २०८१/८२ देखि २०८५/८६ सम्मका लागि "उन्नत तथ्याङ्क उन्नत जीवन" को नारासहित "तथ्याङ्क प्रणालीको विकासका लागि राष्ट्रिय रणनीति, दोस्रो" कार्यान्वयनमा छ।

## १.३ राष्ट्रिय तथ्याङ्क कार्यालय

तथ्याङ्क ऐन, २०७९ बमोजिम विक्रम सम्वत् २०७९ आश्विन २७ गते तथ्याङ्कसम्बन्धी काम गर्न केन्द्रीय निकायका रूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत राष्ट्रिय तथ्याङ्क कार्यालयको स्थापना भएको छ। यस कार्यालयको उद्देश्य, सांगठनिक स्वरूप, काम, कर्तव्य र अधिकार देहायबमोजिम रहेका छन्।

### १.३.१ उद्देश्य

- योजना तथा नीति तर्जुमाका लागि सरकारलाई समयमै गुणस्तरीय तथ्याङ्क उपलब्ध गराउने र देशको सामाजिक-आर्थिक अवस्थाको जानकारी दिने,
- आर्थिक सामाजिक क्षेत्रको तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण, प्रकाशन, प्रसार र संरक्षण गर्ने,
- तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण र संरक्षणमा संलग्न विभिन्न निकायहरूसँग समन्वय गर्ने,
- तथ्याङ्कीय गतिविधिहरूमा अग्रणी भूमिका निर्वाह गर्दै तथ्याङ्कीय प्रणालीको विकास गर्ने, र
- तथ्याङ्कीय जनशक्तिको क्षमता विकास गर्ने।

### १.३.२ सांगठनिक स्वरूप

राष्ट्रिय तथ्याङ्क कार्यालयमा आर्थिक तथ्याङ्क महाशाखा, सामाजिक तथ्याङ्क महाशाखा, राष्ट्रिय लेखा तथ्याङ्क महाशाखा र योजना तथा जनशक्ति व्यवस्थापन महाशाखा गरी चारवटा महाशाखाहरू रहेका छन्। महाशाखाको नेतृत्व नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवाका राजपत्राङ्कित प्रथम श्रेणीका उप-प्रमुख तथ्याङ्क अधिकारीले गर्ने व्यवस्था रहेको छ। आर्थिक तथ्याङ्क महाशाखाअन्तर्गत चारवटा शाखा, सामाजिक तथ्याङ्क महाशाखाअन्तर्गत पाँचवटा शाखा, राष्ट्रिय लेखा तथ्याङ्क महाशाखाअन्तर्गत चारवटा शाखा र योजना तथा जनशक्ति व्यवस्थापन महाशाखाअन्तर्गत सातवटा शाखा गरी कुल २० वटा शाखा रहेका छन।मुलुकको ७७ वटै जिल्ला समेट्न तीनदेखि छ जिल्ला कार्यक्षेत्र रहने गरी १८ वटा तथ्याङ्क समन्वय कार्यालय स्थापना भएका छन्।

### १.३.३ राष्ट्रिय तथ्याङ्क कार्यालयको काम, कर्तव्य र अधिकार

तथ्याङ्क ऐन, २०७९ को दफा २४ मा राष्ट्रिय तथ्याङ्क कार्यालयको काम, कर्तव्य र अधिकारलाई देहायानुसार उल्लेख गरिएको छ ।

(क) तथ्याङ्कसम्वन्धी नीति, योजना तथा रणनीतिको मस्यौदा तयार गरी परिषद्समक्ष पेश गर्ने,

(ख) राष्ट्रिय तथ्याङ्क प्रणालीको समुचित विकास, व्यवस्थापन, प्रवर्धन तथा सोको लागि अन्तरनिकाय समन्वय गर्ने,

(ग) कार्यालयले सङ्कलन गर्नुपर्ने तथ्याङ्कका लागि गणना, सर्वेक्षण लगायतका अन्य क्षेत्रगत तथ्याङ्कसम्वन्धी कार्य सञ्चालन कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने,

(घ) योजना तर्जुमा तथा नीति निर्धारणका लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई आवश्यक तथ्याङ्क उपलब्ध गराउने,

(ङ) तथ्याङ्कको स्तर निर्धारण तथा प्रमाणीकरणसम्बन्धी कार्य गर्ने,

(च) तथ्याङ्कसम्वन्धी अभिलेखको सुरक्षा गर्ने,

(छ) तथ्याङ्कसम्वन्धी विवरण प्रकाशन तथा वितरणको व्यवस्था गर्ने,

(ज) केन्द्रीय तथ्याङ्क (डाटा) बैङ्कको रूपमा कार्य गर्ने,

(झ) प्रदेश र स्थानीय तहले सङ्कलन गरेको तथ्याङ्क प्राप्त गरी राष्ट्रिय तथ्याङ्क प्रणालीमा आबद्ध गर्ने,

(ञ) प्रदेश र स्थानीय तहको तथ्याङ्क प्रणालीको विकासमा सहयोग गर्ने,

(ट) प्रचलित कानुनबमोजिम तथ्याङ्क सङ्कलनसम्बन्धी काम गर्ने निकायको तथ्याङ्कसम्वन्धी क्षमता अभिवृद्धिमा सहयोग गर्ने,

(ठ) यस ऐनबमोजिम हुने तथ्याङ्क सङ्कलनसँग सम्बन्धित विषयको परीक्षण, अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण गर्ने,

(ड) तथ्याङ्कसम्वन्धी अध्ययन, अनुसन्धान तथा प्रशिक्षणसम्बन्धी काम गर्ने, र

(ढ) नेपाल सरकार वा आयोगले माग गरेको तथ्याङ्कसम्वन्धी विवरण वा सूचना उपलब्ध गराउने ।

**१.४ तथ्याङ्क समन्वय कार्यालय बागलुङ**

जनतालाई अधिक रुपमा हित हुने नीति निर्धारण गर्न, नेपाल सरकारका विभागहरुको प्रशासकीय निपुर्णता बढाउन र मुलुकको आर्थिक गतिविधिबारे यथार्थ ज्ञान प्राप्त गर्न तत्कालिन सरकारलाई यथार्थ आधार चाहिएको र त्यस्तो आधार जुटाउन तथ्याङ्क सम्बन्धि कामको निमित्त एक केन्द्रीय स्तरको संरचना आवश्यक भएकोले केन्द्रीय निकायको रुपमा वि.सं २०१५ मंसिर १८ गते नेपाल तथ्याङ्क ऐन २०१५ बमोजिम साविकको संख्या विभाग खारेज गरी वि.सं २०१५ पौष १७ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिवालय अन्तर्गत रहने गरी राष्ट्रिय तथ्याङ्क कार्यालयको स्थापना भएको हो। राष्ट्रिय तथ्याङ्क कार्यालयको स्थापना पश्चात तथ्याङ्क ऐन २०१५ र नियमावली २०४१ मा भएको व्यवस्था वमोजिम राष्ट्रिय तथ्याङ्क कार्यालयको कार्यसम्पादनमा सहयोग पुर्याउने, स्थानिय स्तरमा संकलन गरिने तथ्याङ्कलाई बढि भन्दा बढी विश्वासनीय बनाउने तथा स्थानिय स्तरमा तथ्याङ्क सम्बन्धी गतिविधिहरको समन्वय गर्ने उद्धेश्यले वि.सं. २०५० मा नेपालका ३३ वटा जिल्लाहरुमा शाखा तथ्याङ्क कार्यालयको स्थापना भएको थियो जसमध्ये तथ्याङ्क कार्यालय बागलुङ पनि एक हो। स्थापना कालमा यस कार्यालयको नाम शाखा तथ्याङ्क कार्यालय रहेकोमा आ.व २०७०।७१ देखि कार्यालयको नाम परिमार्जन भई तथ्याङ्क कार्यालय भएको छ। २०७९ साल असोज २७ गते देखि तथ्याङ्क ऐन २०१५ खारेज भई नयाँ तथ्याङ्क ऐन २०७९ लागु भए पश्चात अहिले यो कार्यालय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय तथ्याङ्क कार्यालय अन्तर्गत रहेको छ। नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८०।०९।१२ को निर्णयअनुसार राष्ट्रिय तथ्याङ्क कार्यालय अन्तर्गत रहेका साविकका ३३ वटा तथ्याङ्क कार्यालय खारेज भई १८ वटा तथ्याङ्क समन्वय कार्यालय स्थापना भएका छन्। जसअनुसार मिति २०८१ साउन १ गतेदेखि तथ्याङ्क समन्वय कार्यालय बागलुङ स्थापाना भएको हो। हाल यसको कार्यक्षेत्र अन्तर्गत बागलुङ, म्याग्दी, मुस्ताङ, पर्वत र स्याङ्जा जिल्ला पर्दछन। यस कार्यालयले राष्ट्रिय तथ्याङ्क कार्यालयको आदेशअनुसार तथ्याङ्क संकलन गर्दछ र राष्ट्रिय तथ्याङ्क कार्यालयबाट अन्तिम नतिजा स्वरुप प्राप्त हुन आएका विविध विषयका तथ्याङ्क प्रयोगकर्ता तथा सरोकारवाला निकायहरुलाई निशुल्क रुपमा उपलब्ध गराउने कार्य गर्दछ। हाल यो कार्यालय बागलुङ जिल्लाको सदरमुकाम, बागलुङ नगरपालिका वडा नं २ स्थित गुठी टोलमा रहेको छ।

तथ्याङ्क कार्यालयको स्थापना पछि स्थानिय तहहरुमा राष्ट्रिय तथ्याङ्क कार्यालय बाट सञ्चालन हुने गणना एवं सर्वेक्षणहरुमा सहयोगी भूमिका निभाउनुको अतिरिक्त तथ्याङ्क कार्यालयको आफ्नै वार्षिक कार्यक्रमहरु पनि प्राप्त भई एक आर्थिक वर्ष भरिमा सञ्चालन हुँदै आएको छ। जिल्ला स्तरमा यस कार्यालयले सेवाग्राहीहरुलाई सर्वसुलभ निशुल्क तथ्याङ्क सम्बन्धी विभिन्न सेवाहरु उपलब्ध गराउँदै आएको छ।कार्यालय स्थापना पश्चात स्थानिय स्तरका तथ्याङ्कीय गतिविधिहरुमा बृद्धि हुनुका साथै कार्यालयको कार्यप्रभावकारीतामा समेत बृद्धि गईरहेको छ।

### १.४.१ **काम कर्तब्य र अधिकार**


प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय तथ्याङ्क कार्यालयको मातहतमा रहेको तथ्याङ्क समन्वय कार्यालय बागलुङको कामहरु देहाय वमोजिम रहेका छन्।

- राष्ट्रिय तथ्याङ्क कार्यालयबाट सञ्चालन गरिने विभिन्न गणना तथा सर्वेक्षणको ब्यवस्थापन, जनशक्ति छनौट, तालिम तथा तथ्याङ्क सङ्कलन, अनुगमन तथा सुपरिवेक्षण गर्ने र सङ्कलित तथ्याङ्क निर्धारित समयभित्र राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाउने;
- वार्षिक तथा त्रैमासिक राष्ट्रिय लेखा अनुमान र मूल्य सूचकाङ्कको लागि आवश्यक तथ्याङ्क सङ्कलन गरी नियमित रूपमा निर्धारित समयभित्र राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाउने;
- तथ्याङ्कीय व्यावसायिक रजिष्टरका लागि आवश्यक दर्ता भएका व्यवसायहरुको सूची र आवश्यक विवरणहरु संकलन गरी राष्ट्रिय तथ्याङ्क कार्यालयलाई उपलब्ध गराउने;
- राष्ट्रिय तथ्याङ्क कार्यालयबाट सञ्चालन हुने गणना क्षेत्र नक्साङ्कनसम्बन्धी कार्य गर्ने;
- स्थानीय तहसँगको समन्वयमा National Data Profile को कार्यान्वयनसम्बन्धी कार्य गर्ने;
- प्रदेश सरकार तथा स्थानीय तहमा तथ्याङ्कीय गतिविधिका सम्बन्धमा सरकारी तथा गैरसरकारी निकायसँग निरन्तर अन्तरक्रिया र छलफल सञ्चालन गर्ने;
- सम्बन्धित प्रदेश सरकार तथा स्थानीय तहबाट माग भई आएका तथ्याङ्क पूर्ति गर्न कार्यक्षेत्रभित्र आवश्यक गणना, सर्वेक्षण, अध्ययन अनुसन्धानको कार्य गर्ने साथै माग गरेबमोजिमको तथ्याङ्क उपलब्ध गराउने;
- प्रदेश सरकार तथा स्थानीय तहसँगको समन्वय, सहकार्य एवं आर्थिक सहयोगमा गणना तथा सर्वेक्षण सञ्चालन गरी आवश्यक सूचकहरु तयार गर्ने;
- राष्ट्रिय तथ्याङ्कको प्रादेशिक डाटाबेस तयार गर्न आवश्यक तथ्याङ्क उपलब्ध गराउने;

- प्रदेश तथा स्थानीय तहका आर्थिक तथा सामाजिक सूचक समेटी प्रदेश तथा स्थानीय तहका प्रतिवेदन तथा वस्तुगत विवरण तयार गर्ने;
- राष्ट्रियस्तरको तथ्याङ्क सङ्कलनका लागि सर्वेक्षण अनुमति प्राप्त गरेका निकाय तथा संघ संस्थाले स्थानीय तहमा गर्ने तथ्याङ्क सङ्कलनसम्बन्धी कार्यको अनुगमन गर्ने;
- स्थानीय तहमा कार्यरत तथ्याङ्कसम्बन्धी काम गर्ने जनशक्तिको क्षमता विकासका लागि आवधिकरूपमा प्रशिक्षण एवं अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने;
- स्थानीय तहका तथ्याङ्क उत्पादक निकायहरूसँग अन्तरनिकाय समन्वय गर्ने;
- स्थानीय तह एवं सम्बद्ध निकायलाई आधिकारिक प्रकाशित तथ्याङ्क उपलब्ध गराउने;
- स्थानीय तहमा हुने तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण र प्रकाशन तथा भण्डारणका विषयमा निर्धारित मानक तथा गुणस्तरको पालना भए नभएको अनुगमन गर्ने;
- राष्ट्रिय तथ्याङ्क प्रणालीको स्तरोन्नतिका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयले दिएको निर्देशन बमोजिमका काम गर्ने।

### १.४.२ तथ्याङ्क समन्वय कार्यालय बागलुङको संगठन संरचना

तथ्याङ्क समन्वय कार्यालय बागलुङमा नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा, तथ्याङ्क समूह, रा.प. द्वितीय श्रेणीको तथ्याङ्क समन्वय अधिकारी कार्यालय प्रमुखको रूपमा रहने ब्यवस्था छ । कार्यालयको कामलाई प्राविधिक(तथ्याङ्क) शाखा र प्रशासन शाखा अन्तर्गत रहने गरी विभाजन गरिएको छ । शाखा प्रमुखको रूपमा तथ्याङ्क अधिकृतलाई जिम्मेवारी दिइएको छ ।तथ्याङ्क समन्वय कार्यालय, बागलुङको सङ्गठन संरचना देहाय अनुसार रहेको छ ।



## १.५ राष्ट्रिय तथ्याङ्क परिषद्

राष्ट्रिय तथ्याङ्क प्रणालीको समुचित विकास, व्यवस्थापन र अनुसन्धानसम्बन्धी कार्यको रेखदेख, निर्देशन, नियन्त्रण र नियमन गर्ने प्रयोजनका लागि तथ्याङ्क ऐन, २०७९ को दफा १९ बमोजिम राष्ट्रिय योजना आयोगका उपाध्यक्षको अध्यक्षतामा २६ सदस्यीय राष्ट्रिय तथ्याङ्क परिषद् गठन भएको छ । ऐनको दफा २० मा परिषद्को बैठक वर्षको कम्तीमा दुईपटक बस्ने र राष्ट्रिय तथ्याङ्क कार्यालयले परिषद्को सचिवालयको रूपमा कार्य गर्ने व्यवस्था गरिएको छ ।

## १.६ कार्यालयको कार्यसम्पादनका नीतिगत तथा कानुनी आधार

राष्ट्रिय तथ्याङ्क कार्यालय तथा तथ्याङ्क समन्वय कार्यालयहरुको कार्यसम्पादन गर्नका लागि नेपालको संविधान, तथ्याङ्क ऐन तथा नियमावली, तथ्याङ्क प्रणाली विकासका लागि राष्ट्रिय रणनीति, सोह्रौं योजना, नीति तथा कार्यक्रम र बजेट वक्तव्य प्रमुख नीतिगत व्यवस्था हुन् । राष्ट्रिय तथ्याङ्क कार्यालय तथा तथ्याङ्क समन्वय कार्यालयहरुको कार्यसम्पादन गर्नका लागि विद्यमान रहेका प्रमुख नीतिगत तथा कानुनी आधार देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

### १.६.१ नेपालको संविधान

विक्रम सम्वत् २०७२ मा जारी गरिएको नेपालको संविधानले तथ्याङ्कसँग सम्बन्धित विषयलाई महत्वका साथ उल्लेख गरेको पाइन्छ । यसले नेपालको राष्ट्रिय तथ्याङ्क प्रणालीलाई स्पष्ट रूपमा विकेन्द्रित तथ्याङ्क प्रणालीको रूपमा स्थापित गरेको छ र संघको अधिकार क्षेत्रअन्तर्गत तथ्याङ्कको मानक र गुणस्तर कायम गर्ने विषय समावेश गरेको छ । यही क्षेत्राधिकारभित्र रही राष्ट्रिय तथ्याङ्क कार्यालयले आफ्ना तथ्याङ्कीय गतिविधिहरू सञ्चालन गर्ने नीतिगत आधार प्राप्त गरेको छ (तालिका १) ।

तालिका १: संविधानमा उल्लेख भएका तथ्याङ्कसम्बन्धी विषय

| क्र.सं. | धारा | विषय | तथ्याङ्कसम्बन्धी उल्लेखित विषय |
|---|---|---|---|
| १ | धारा २८ | गोपनीयताको हक | तथ्याङ्कको गोपनीयता कानुनबमोजिम बाहेक अनतिक्रम्य हुने । |
| २ | धारा ५१ | राज्यका नीतिहरूको खण्ड (च) विकाससम्बन्धी नीतिको बुँदा नं. ८ र खण्ड (ञ) सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीतिको बुँदा नं. ४ | जनसाङ्ख्यिक तथ्याङ्कलाई अद्यावधिक गर्दै राष्ट्रिय विकास योजनासँग आबद्ध गर्ने । बालबच्चाको पालनपोषण, परिवारको हेरचाह जस्ता काम र योगदानलाई आर्थिक रूपमा मूल्याङ्कन गर्ने । |
| ३ | धारा ८४ | प्रतिनिधि सभाको गठन उपधारा (१) को खण्ड (क) र उपधारा (२) | जनसङ्ख्यालाई निर्वाचन क्षेत्र निर्धारणको आधार मानिएको । |
| ४ | धारा १७६ | प्रदेश सभाको गठन उपधारा (२) र (६) | समानुपातिक निर्वाचन प्रणालीबमोजिम उम्मेदवारी दिंदा जनसङ्ख्याको आधारमा प्रतिनिधित्व हुने । |

| | | | |
|---|---|---|---|
| ५ | धारा २५९ | राष्ट्रिय समावेशी आयोगको काम, कर्तव्य र अधिकार (१ (छ)) | राष्ट्रिय जनगणना तथा मानव विकास सूचकाङ्कलाई आधार बनाउनुपर्ने । |
| ६ | धारा २८१ | विशेष अधिकारको समीक्षा तथा पुनरावलोकन | राष्ट्रिय जनगणना तथा मानव विकास सूचकाङ्कलाई आधार बनाउनुपर्ने । |
| ७ | धारा २८६ | निर्वाचन क्षेत्र निर्धारण आयोगको उपधारा (५) र (६) | निर्वाचन क्षेत्र निर्धारण गर्दा जनसङ्ख्यालाई मुख्य आधार मान्ने । |
| ८ | अनुसूची ५ | संघको अधिकार सूची (बुँदा १३) | केन्द्रीय तथ्याङ्क (राष्ट्रिय र अन्तर्राष्ट्रिय मानक र गुणस्तर) |
| ९ | अनुसूची ६ | प्रदेशको अधिकार सूची (बुँदा ६) | प्रदेश तथ्याङ्क |
| १० | अनुसूची ८ | स्थानीय तहको अधिकार सूची (बुँदा ६, १३, १७) | स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन, स्थानीय अभिलेख व्यवस्थापन, बेरोजगारको तथ्याङ्क सङ्कलन । |
| ११ | अनुसूची ९ | संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची (बुँदा ११) | व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याङ्क । |

नोटः संविधानको अनुसूची ५, ६, ८ र ९ मा उल्लेख भएका अधिकार सूचीलाई नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७३ माघ १८ को निर्णयबमोजिम विस्तृतीकरण गरी कार्यान्वयनमा आएको छ ।

### १.६.२ तथ्याङ्क ऐन, २०७९ र तथ्याङ्क नियमावली, २०८०

राष्ट्रिय तथ्याङ्क कार्यालयको कार्य सञ्चालन गर्ने मुख्य कानुनी आधार तथ्याङ्क ऐन, २०७९ हो। यस ऐनमा भएका प्रमुख प्रावधान देहायबमोजिम रहेका छन्।

- विकेन्द्रित राष्ट्रिय तथ्याङ्क प्रणाली अवलम्बन गरिएको,
- राष्ट्रिय तथ्याङ्क परिषद्को व्यवस्था गरिएको,
- तथ्याङ्कसम्वन्धी काम गर्न केन्द्रीय निकायको रूपमा राष्ट्रिय तथ्याङ्क कार्यालय रहने व्यवस्था रहेको,
- कार्यालयको नेतृत्व नेपाल सरकार विशिष्ट श्रेणीको प्रमुख तथ्याङ्क अधिकारीबाट हुने व्यवस्था गरिएको,
- कम्प्युटर डाटाबेस, गणना, तथ्याङ्क, विद्युतीय अभिलेख, राष्ट्रिय तथ्याङ्क प्रणाली, सर्वेक्षणको विषय समावेश गरिएको,
- अन्य निकायले तथ्याङ्कीय क्रियाकलाप सञ्चालन गर्ने विधि तोकिएको,
- अन्य सरकारी निकाय वा सार्वजनिक संस्थाले तथ्याङ्क सङ्कलन गर्नसक्ने र सो तथ्याङ्क राष्ट्रिय तथ्याङ्क प्रणालीको अभिन्न अङ्ग हुने,
- तथ्याङ्क सङ्कलक, उत्पादक तथा तथ्याङ्क प्रयोगकर्ताको दायित्व उल्लेख गरिएको,
- विद्युतीय अभिलेख, तथ्याङ्कको प्रयोग तथा पहुँचसम्बन्धी व्यवस्था गरिएको,

- तथ्याङ्क सङ्कलन गर्ने अनुमतिसम्बन्धी व्यवस्था रहेको,
- तथ्याङ्कसम्वन्धी राष्ट्रिय मानक र गुणस्तरका आधार तोकिएको,
- तथ्याङ्क परीक्षण गर्ने अधिकारको प्रावधान रहेको,
- केन्द्रीय डाटा बैङ्कको व्यवस्था गरिएको, र
- तथ्याङ्कसम्बन्धी कार्यको वार्षिक कार्य विवरण सहितको प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको।

तथ्याङ्क ऐनका प्रावधान सहज ढंगले कार्यान्वयन गर्नका लागि तथ्याङ्क नियमावली, २०८० नेपाल सरकारबाट पारित भई कार्यान्वयनमा आइसकेको छ ।

राष्ट्रिय तथ्याङ्क कार्यालयले सम्पादन गर्ने कार्यहरू नेपालका कानुन, नीति, योजना, निर्देशिका, कार्यविधिका अतिरिक्त अन्तर्राष्ट्रिय प्रचलित विधि तथा सिद्धान्तले समेत निर्देशित गर्दछ । यस्ता सिद्धान्तमा संयुक्त राष्ट्रसंघीय तथ्याङ्क आयोगले अनुमोदन गरेका आधिकारिक तथ्याङ्कका आधारभूत सिद्धान्त, PARIS 21 को सुझाव, तथ्याङ्कमा प्राविधिक सहयोगसम्बन्धी असल अभ्यासहरूको घोषणा, अन्तर्राष्ट्रिय तथ्याङ्क सञ्चालन गर्ने सिद्धान्त, तथ्याङ्कको लागि माराकेस कार्ययोजना आदि पर्दछन् ।

### १.६.३ तथ्याङ्क प्रणाली विकासका लागि राष्ट्रिय रणनीति, दोस्रो (आर्थिक वर्ष २०८१/८२ - २०८५/८६)

नेपाल सरकारबाट स्वीकृत भई कार्यान्वयनमा आएको तथ्याङ्क प्रणाली विकासका लागि राष्ट्रिय रणनीति, प्रथम (आर्थिक वर्ष २०७५/७६-२०७९/८०) को अवधि समाप्त भइसकेको छ । उक्त रणनीतिको समीक्षाको आधारमा तथ्यमा आधारित नीति निर्माण, अनुगमन एवम् मूल्याङ्कनको लागि आवश्यक तथ्याङ्क आपूर्ति गर्न र तथ्याङ्क क्षेत्रमा आएका नवीन अभ्यासहरूको प्रयोग गर्दै एक सबल र भरपर्दो राष्ट्रिय तथ्याङ्क प्रणाली स्थापना गर्न आगामी वर्षमा चाल्नुपर्ने कदमहरूको पहिचानसहित तथ्याङ्क प्रणाली विकासका लागि राष्ट्रिय रणनीति, दोस्रो (२०८१/८२-२०८५/८६) मिति २०८१ असार ९ गते नेपाल सरकारबाट स्वीकृत भई कार्यान्वयनमा आएको छ । यस रणनीतिका दूरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकताका क्रियाकलाप देहायबमोजिम रहेका छन्।

**दूरदृष्टि (Vision):** एकीकृत, समन्वयात्मक र सबल राष्ट्रिय तथ्याङ्क प्रणालीको विकास ।

**लक्ष्य (Mission):** सुशासन, सामाजिक न्याय र समृद्धिसम्बन्धी नीति तथा निर्णय प्रक्रियाका लागि संघीय शासन प्रणालीसापेक्ष गुणस्तरीय तथ्याङ्क उत्पादन, आपूर्ति र उपयोग पद्धति विकास गर्ने ।

**रणनीतिक उद्देश्यहरू (Strategic Objectives)**

१. सङ्घीय, प्रादेशिक तथा स्थानीय तथ्याङ्क प्रणाली सुदृढीकरणका लागि आवश्यक पूर्वाधार तयार गर्ने,
२. तथ्याङ्कीय कार्यमा संलग्न निकायहरूबीच प्रभावकारी समन्वय प्रणाली विकास गर्ने,
३. तथ्यमा आधारित नीति निर्माण तथा निर्णय प्रक्रियाका लागि आवश्यक गुणस्तरीय तथ्याङ्कको नियमित आपूर्ति गर्ने ।

**प्राथमिकताका क्रियाकलाप**

१. कार्यान्वयनका लागि स्पष्ट निर्देशिका तथा कार्यविधि
२. राष्ट्रिय तथ्याङ्क परिषद्को सशक्तिकरण
३. संस्थागत स्मृति र ज्ञानको हस्तान्तरण
४. वैकल्पिक स्रोतहरूबाट गुणस्तरीय तथ्याङ्क उत्पादन
५. वास्तविक समय तथ्याङ्कको उत्पादन
६. प्रयोगकर्तामैत्री प्रकाशन र खुला तथ्याङ्क प्रणाली
७. अनुसन्धान तथा तालिमको लागि संस्थागत व्यवस्था
८. प्रदेश तथा स्थानीय तहको क्षमता विकास
९. अन्तर्राष्ट्रिय समन्वय र स्रोत परिचालन

### १.६.४ सोह्रौं योजना (आर्थिक वर्ष २०८१/८२ - २०८५/८६)

वि.सं. २०१३ मा पहिलो पञ्चवर्षीय योजना (२०१३-२०१८) तर्जुमा गरदिखि नै तथ्याङ्कको महत्व र आवश्यकतालाई प्रमुखताका साथ उल्लेख गरिँदै आएको पाइन्छ । सोह्रौं योजनाको रूपान्तरणकारी रणनीति अन्तर्गत तथ्याङ्कसम्बन्धी निम्न विषय उल्लेख गरिएको छ ।

- एकीकृत राष्ट्रिय तथ्याङ्क प्रणाली विकास तथा व्यवस्थापन गर्ने,
- सरकारी निकायहरूबीच समन्वय र सहकार्यको लागि राष्ट्रिय तथ्याङ्क परिषद्को भूमिका सुदृढ एवं प्रभावकारी बनाउने, र
- गणना तथा सर्वेक्षण सञ्चालन र तथ्याङ्क सङ्कलनका वैकल्पिक स्रोत तथा विधिहरू उपयोग गरी तथ्याङ्क उत्पादन तथा आपूर्तिमा सुधार गर्ने ।

### १.६.५ आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम

आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रमको बुँदा नं. ३१ मा तथ्याङ्कसम्वन्धी देहायका विषयहरू समावेश गरिएका छन्।

- राष्ट्रिय लेखा अनुमानको आधार वर्ष परिवर्तन गर्ने,
- तीनै तहबाट उत्पादित तथ्याङ्क तथा सूचना राष्ट्रिय तथ्यगत विवरण प्रणालीमा समावेश गरी आवश्यक तथ्याङ्क सहजै उपलब्ध हुने व्यवस्था गर्ने, र
- सार्वजनिक निकायका विद्युतीय प्रशासनिक अभिलेख प्रणालीहरूबीच अन्तरआवद्धता कायम गर्ने।

### १.६.६ आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्य

आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्यको बुँदा नं. २६९ मा तथ्याङ्कसम्वन्धी देहायका विषयहरू समावेश गरिएका छन्।

- राष्ट्रिय लेखा तथ्याङ्कको आधार वर्ष परिवर्तन गर्न गणना तथा सर्वेक्षण कार्यक्रम सञ्चालन गर्ने,
- राष्ट्रिय तथ्यगत विवरणलाई अद्यावधिक गरी एकीकृत राष्ट्रिय तथ्याङ्क प्रणालीको विकास गर्ने, र
- दोस्रो आर्थिक गणना, २०८२ को पूर्वतयारी कार्य सम्पन्न गर्ने।

## खण्ड - २

## प्रमुख कार्यक्रम र उपलब्धि

आर्थिक वर्ष २०८१/८२ मा राष्ट्रिय तथ्याङ्क कार्यालय र अन्तर्गतका तथ्याङ्क समन्वय कार्यालयमा व्यावसायिक कुखुरापालन सर्वेक्षण, निजी शिक्षण संस्था सर्वेक्षण, केही अस्थायी बालीको उत्पादन लागत सर्वेक्षण, राष्ट्रिय आर्थिक गणना, आन्तरिक पर्यटन सर्वेक्षण, नाफा नकमाई घरपरिवारलाई सेवा पुर्‍याउने संस्थाहरू (NPISHs) को सर्वेक्षण, नेपाल श्रमशक्ति सर्वेक्षण, नेपाल बहुसूचक सर्वेक्षण, राष्ट्रिय लेखाको आधार वर्ष परिवर्तन लगायतका कार्यक्रमका लागि बजेट विनियोजन भएको थियो । विनियोजित बजेटबाट सम्पादित भएका प्रमुख कार्यक्रम देहायबमोजिम रहेका छन् ।

### आर्थिक वर्ष २०८१।८२ का प्रमुख कार्यक्रमहरु

### २.१ कार्यालयका नियमित कार्यहरु

यस कार्यालयबाट नियमित रुपमा निम्न बमोजिमकका कार्यहरु संचालन भएका छन् ।

### २.१.१ निर्माण क्षेत्रको लागत मूल्य सूचकांक तथ्याङ्क संकलन

Input Price Index of construction Sector (IPICS) निर्माण सामग्रीमा प्रयोग हुने निर्माण सामग्रीहरुको खुद्रा मूल्यमा हुने वार्षिक परिवतर्नको बारेमा जानकारी गराउने उद्देश्यले राष्ट्रिय तथ्याङ्क कार्यालयद्वारा निर्माण क्षेत्रको लागत मूल्य सूचकांकको निर्माण गरिएको हो । आधार वर्ष २०४१/०४२ लाई लिएर निर्माण गरिएको यस सूचकांकमा निर्माण सामग्रीहरु जस्तै चिरान काठ, सिमेन्ट,ईट्टा, फलामे छड र ज्यालादर समावेश गरिएको थियो । निर्माण सामग्रीहरुको मूल्य सूचकांक (Price Index Of Some Construction Materials) र निर्माणक्षेत्रको ज्याला सूचकांक (Wage Index Of Construction Workers) को संयुक्त सूचकांक (Composite Index) को रुपमा निर्माण क्षेत्रको लागत मूल्य सूचकांक निर्माण गरिएको थियो । उपयोगकर्ताको माग र सुझाब अनुसार आ.व. २०५७/०५८ देखि यो सूचकांक त्रैमासिक रुपमा निर्माण गर्न शुरु गरिएको हो । त्रैमासिक सूचकांकहरु बिन्दुगत प्रणालीमा आधारित भएकोले वर्तमान त्रैमासिक सूचकांक अघिल्लो वर्षको सोही त्रैमासिकको मूल्यसंग तुलना गरी निर्माण गरिएको हुन्छ । परिवर्तित समयको माग अनुसार आ.व. २०६३/०६४ लाई आधार वर्ष मानेर बिन्दुगत नभई श्रेणीगत हिसाबले त्रैमासिक रुपमा सूचकांक निर्माण शुरु गरी आधार वर्षको मूल्यसँग तुलनायोग्य बनाइएको छ । निर्माण क्षेत्रको लागत मूल्य सूचकांक तयार गर्नका लागि तथ्याङ्क कार्यालयले प्रत्येक त्रैमाासिकमा नियमित रुपमा निर्माण सामग्रीहरुको खुद्रा मूल्य (बजार मूल्य) तथा निर्माण काममा संलग्न कामदारहरुको ज्यालादर सम्बन्धी विवरणहरु पाँचवटा उत्तरदाताहरुबाट संकलन तथा प्रविष्टी गरि तोकिएको समयमै राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाउने गरिन्छ । मूल्य

संकलनका लागि छनौट गरिएका सामग्रीहरुमा ईट्टा, ढुङ्गा, छड, काठ, रङ्ग, सिमेन्ट, विद्युतिय सामग्री आदि जस्ता २४ किसिमका सामग्रीहरु छन् । यसैगरी निर्माण काममा संलग्न कामदारमा इन्जिनियर, सुपरभाइजर, डकर्मी, सिकर्मी, पेन्टर जस्ता ८ किसिमका कामदारहरुको ज्यालादर संकलन गरिन्छ ।

### २.१.२ कृषिजन्य वस्तुहरुको स्थलगत मुल्य सूचकांक तथ्याङ्क संकलनः

नेपाल कृषिप्रधान मुलुक हो । यँहाको ६० प्रतिशत भन्दा बढी जनसंख्या कृषि पेशामा संलग्न छन् भने कुल ग्राहस्थ उत्पादनको एक तिहाई भन्दा बढी ( २५.२ प्रतिशत )हिस्सा कृषि क्षेत्रको रहेको छ । तसर्थ कृषि क्षेत्रले मुलुकको आर्थिक क्षेत्रमा वार्षिक रुपमा पुर्‍याएको योगदान महत्वपूर्ण रही आएको छ । कृषि क्षेत्रको योगदानको अनुमान गर्न उत्पादित कृषि वस्तुहरुको उत्पादन भएको समयको मूल्य नितान्त आवश्यक हुन्छ । कृषिजन्य वस्तुहरुको उत्पादनको आवधिक एवं स्थान विशेषको मूल्यले राष्ट्रिय आयको अनुमान गर्न मात्र सहयोग नगरी बजारमा माग र आपूर्तिको व्यवस्थापन गर्न समेत ठूलो मद्दत गर्दछ । यसको साथ साथै कृषिक्षेत्रको नीति तथा कार्यक्रम तर्जुमा ,कार्यान्वयन, अनुगमन तथा मूल्यांकन गर्न पनि कृषि वस्तुहरुको आवधिक एवम् स्थान विशेषको मूल्य अपरिहार्य हुन्छ । आ.व. २०६५/०६६ देखि साविकको केन्द्रिय तथ्याङ्क विभाग (राष्ट्रिय तथ्याङ्क कार्यालय) को कृषि तथ्याङ्क शाखाले प्रमुख कृषि तथा पशुपंक्षी उत्पादनको मूल्य संकलन कार्यक्रम संचालन गरेको थियो । आ.व. २०६६/०६७ दखि मूल्य तथ्याङ्क शाखाले सो कार्यलाई निरन्तरता दिदै आईरहेको छ । तथ्याङ्क समन्वय कार्यालयहरुबाट प्रमुख कृषि तथा पशुपंक्षीबाट उत्पादित वस्तुहरुको मूल्य त्रैमासिक रुपमा संकलन गरि राष्ट्रिय तथ्याङ्क कार्यालयको मूल्य तथ्याङ्क शाखामा Data entry गरी softcopy पठाउने गरिन्छ । कृषि सम्बन्धि मूल्य तथ्याङ्क संकलन गर्नको लागि यस कार्यालयले बागलुङ र स्याङ्जा जिल्लाका ५/५ जना अगुवा कृषक छनौट गरेको छ । छानिएका कृषकहरुबाट प्रत्येक त्रैमासिकको अन्तिम महिनामा चालु त्रैमासिकको प्रत्येक महिनाको उत्पादित वस्तुहरुको स्थलगत मूल्य संकलन गरि राष्ट्रिय तथ्याङ्क कार्यालयममा पठाउने गरेको छ ।

### २.१.३ त्रैमासिक राष्ट्रिय लेखा कार्यक्रम :

राष्ट्रिय तथ्याङ्क कार्यालयको राष्ट्रिय लेखा शाखाले प्रत्येक वर्ष कुल ग्राहस्थ उत्पादन (Gross Domestic Product-GDP), कुल राष्ट्रिय आय (Gross National Income -GNI) लगायतका विभिन्न समष्टिगत आर्थिक सूचकहरु (Macro Economics indicator) तयार गर्दै आइरहेको छ । राष्ट्रिय लेखा अनुमानको लागि राष्ट्रिय तथ्याङ्क कार्यालयले आफैले उत्पादन गरेका तथ्याङ्कहरुका साथै अन्य विभिन्न स्रोतबाट उपलब्ध हुने तथ्याङ्क प्रयोग गर्ने गर्दछ । त्रैमासिक राष्ट्रिय लेखा अनुमानका लागि राष्ट्रिय तथ्याङ्क

कार्यालयले तथ्याङ्क समन्वय कार्यालयलाई निर्दिष्ट गरे बमोजिमका विभिन्न तथ्याङ्कहरु नियमित रुपमा संकलन गरि तोकिएको समयभित्र विधुतीय माध्यमबाट राष्ट्रिय तथ्याङ्क कार्यालय पठाउने गरेको छ । तथ्याङ्क समन्वय कार्यालयले त्रैमासिक लेखा अनुमान कार्यक्रम अन्तर्गत सम्पादन गर्नुपर्ने कायक्रमहरुको क्षेत्रगत विवरण यसप्रकार रहेका छन् ।

१.कृषि तथा मत्स्य

क) कृषि वस्तुहरुको उत्पादन

ख) दूध,मासु र कुखुराको अण्डा उत्पादन

२.होटेल तथा रेष्टुरेन्ट व्यवसाय

३. यातायात क्षेत्र

(क) स्थल यातायात

(ख) हवाई यातायात

४. खानेपानी सेवा

तथ्याङ्क समन्वय कार्यालयले उल्लेखित क्षेत्रका तथ्याङ्क राष्ट्रिय तथ्याङ्क कार्यालयले उपलब्ध गराएका Online Data Entry platform प्रविष्टि गरेर राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाउने गर्दछ।

## २.१.४ वार्षिक राष्ट्रिय लेखा कार्यक्रम

वार्षिक राष्ट्रिय लेखा अनुमानका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयलाई आवश्यक पर्ने जिल्ला/ स्थानीय स्तरका विभिन्न क्षेत्रका तथ्याङ्क तथ्याङ्क समन्वय कार्यालयबाट संकलन गरी राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाउने गरिएको छ । गत आ.व.मा वार्षिक राष्ट्रिय लेखा अनुमानका लागि आवश्यक तथ्याङ्क संकलन गरी Hard copy नै र National account rebasing का लागि संचालित सर्वेक्षणमा नर्सरी, वागवानी, लेखापरिक्षण सेवा र स्वास्थ्वसेवा (diagonostic lab.) सँग सम्बन्धित व्यवसायिक प्रतिष्ठानको सूचि अनुसार आवश्यक sample size बमोजिमको तथ्याङ्क संकलन गरि कार्यालयले Online Data Entry गरेर राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाउने गरिन्छ ।

## २.१.५ औद्योगिक उत्पादन र उत्पादकको मुल्य तथ्याङ्क संकलन

औद्योगिक उत्पादनमा भएको परिवर्तन र उत्पादकको मुल्यमा भएको परिवर्तन मापन गर्न राष्ट्रिय तथ्याङ्क कार्यालयले त्रैमासिक र बार्षिक मुल्य सूचकाङ्क निकाल्ने गर्छ, सोका लागि छानीएका उद्योगहरुबाट आवश्यक तथ्याङ्क कार्यालयले समयमै सम्पन्न गरी राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाउने गर्दछ।

### २.१.६ राष्ट्रिय तथ्यगत विवरण (NDP)

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तह हुने र राज्यशक्तिको प्रयोग तीनै तहले संविधान र कानूनले व्यवस्था गरेबमोजिम गर्ने व्यवस्था गरेको छ । तथ्यमा आधारित नीति निर्माण र निर्णय गर्न स्थान, समाज र जनता सम्बन्धी आधारभूत तथ्याङ्कको आवश्यकता हुने र यस्ता तथ्याङ्कको व्यवस्थापन गर्ने जिम्मेवारी संविधानतः तीनवटै तहमा रहेको छ । पर्याप्त, गुणस्तरीय र सामयिक तथ्याङ्कको अभावमा नीति निर्माण र योजना तर्जुमाको कार्य कठिन हुन जान्छ । तथ्याङ्क सङ्कलन एक गतिशील प्रक्रिया भएको हुँदा यसको उत्पादन पनि निरन्तर हुन जरुरी हुन्छ । राज्यका सबै तहले नीति निर्माण, योजना तर्जुमा र अनुगमन तथा मूल्याङ्कनका चरणमा तथ्याङ्कको अपरिहार्यतालाई आत्मसात गरिसकेको सन्दर्भमा स्थानीय सरकारदेखि सङ्घीय सरकारसम्मको प्रयोगका लागि तथ्यगत विवरणहरूको भरपर्दो र दिगो आपूर्ति गर्ने संयन्त्रको स्थापना हुन वाञ्छनीय देखिन्छ । यस सन्दर्भमा सम्माननीय राष्ट्रपतिज्यूबाट आ.व. २०७५/७६ मा नेपाल सरकारको नीति तथा कार्यक्रम प्रस्तुत हुँदा बुँदा नं. २० मा “अबको हाम्रो विकास सूचना र तथ्याङ्कको गहन विश्लेषण, अनुसन्धान र प्रमाणमा आधारित हुनेछ । त्यसका लागि देशको भूगोल, प्रकृति, स्रोतसाधन, क्षमता र सम्भावनाका सम्पूर्ण सूचनाहरूको राष्ट्रिय तथ्यगत विवरण तयार गरिनेछ” भन्ने महत्वपूर्ण नीतिबमोजिम “राष्ट्रिय तथ्यगत विवरण” कार्यक्रम शुरु गरिएको छ । यो कार्यक्रम अन्तर्गत संघ, प्रदेश तथा स्थानीय तहले उत्पादन गरेको Data हरु online portal मा प्रविष्टि गर्ने र प्रयोगकर्ताले एउटै Platform मार्फत विभिन्न क्षेत्रको तथ्याङ्कमा पहुँच पुर्याउन सक्ने गरी तयार पारिएको छ। यस NDP portal मा Data entry गर्नको लागि सबै स्थानिय तहलाई User name र Password उपलब्ध गराइएको छ ।आ.ब. २०८१/८२ मा यस कार्यालयको कार्य क्षेत्र भित्रका सबै पालिकाहरुमा सरोकारवाला व्यक्तिहरु संग अन्तरक्रिया गोष्ठी गर्नुका साथै केही पालिका स्तरमा फिल्ड अनुगमन तथा प्रत्यक्ष भेटघाट र कतिपय पालिकाहरुमा मोबाइल इन्टरनेटको माध्यमबाट सम्पर्क गरी अधिकांश पालिकाहरुलाई तथ्याङ्क पोर्टलमा सम्बन्धित Data प्रविष्ट गर्न लगाइएको थियो । तर स्थानीयतहहरुबाट यस portal मा Data Entry लाई खासै प्रथमिकता दिइ data Entry भएको भने पाइएको छैन । यस portal मा Data Entry गर्ने कार्यलाई व्यवस्थित गर्न सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत केही नीतिगत व्यवस्था गर्न सकेमा र यस कार्यलाई बाध्यकारी बनाउन सकेमा यसको प्रभावकारीता बढ्ने देखिन्छ।

### २.१.७ तथ्याङ्कीय ब्यवसायिक रजिष्टर (Statistical Business Register )

तथ्याङ्कीय ब्यवसायिक रजिष्टरले विभिन्न आर्थिक एवं ब्यवसायिक अध्ययनको लागि भरपर्दो ढाँचा एवं आधार उपलब्ध गराउँछ । जिल्लागत रूपमा सबै आर्थिक क्रियाकलाप गर्ने प्रतिष्ठानहरुको विवरण तोकिएको ढाँचामा सङ्कलन गरी यसलाई वार्षिक रूपमा अद्यावधिक गर्ने गरिन्छ । सङ्कलित विवरणलाई

तोकिएको प्लेटफर्ममा प्रविष्टी गर्ने गरिन्छ । तथ्याङ्कीय व्यवसायिक रजिष्टरले विभिन्न आर्थिक क्षेत्रका सर्वेक्षणहरु संचालनका लागि sampling frame उपलब्ध गराउनुका साथै आर्थिक क्षेत्रगत रुपमा प्रतिष्ठानहरुको विवरण समेत उपलब्ध गराउँदछ ।

### २.२ विभिन्न सर्वेक्षणहरू :

आर्थिक वर्ष २०८१।८२ मा यो कार्यालय मार्फत निम्न अनुसारका सर्वेक्षणहरू संचालन गरिएको थियो ।

#### २.२.१ कुखुरा पालन(Poultry) सर्वेक्षणः

राष्ट्रिय अर्थतन्त्रमा कुखुरापालन व्यवसायले पुऱ्याएको योगदानको अनुमान गर्ने, कुखुरापालन व्यवसायहरूको अवस्था, वितरण, बनोटका र प्रकृतिका बारेमा सूचना उपलब्ध गराउने, यस क्षेत्रमा भएको सालबसाली खर्च, त्यसबाट उत्पादित वस्तुको उपयोगको बारेमा सूचना उपलब्ध गराउने, यस क्षेत्रमा रहेको रोजगारीको स्थिति, राष्ट्रिय आयमा यस क्षेत्रले ओगटेको अंश यथार्थ योगदान पत्ता लगाउने एवं योजना तर्जुमा, नीति निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र अध्ययन/अनुसन्धान गर्न तथ्याङ्क उपलब्ध गराउने उद्देश्यका साथ आ.व. २०८१।८२ मा यो सर्वेक्षण देशव्यापी रूपमा संचालन गरिएको थियो । तथ्याङ्क समन्वय कार्यालय, बागलुङको कार्यक्षेत्र भित्रका ५ जिल्लाहरूबाट १४४ वटा नमूना छनौट भएका फर्महरूबाट तथ्याङ्क सङ्कलन गरिएको थियो । संकलित फारामहरु निर्धारीत समयमा नै राष्ट्रिय तथ्याङ्क कार्यालय, कृषि तथा पशुपक्षी गणना तथा सर्वेक्षण शाखामा पठाइएको थियो ।

#### २.२.२ आन्तरिक पर्यटन (Domestic Tourism) सर्वेक्षणः

यात्रा र यात्रीको विशेषताका बारेमा विवरण सङ्कलन गर्ने, आन्तरिक पर्यटनसँग सम्बन्धित खर्चको विवरण सङ्कलन गर्ने, नेपालीले वैदेशिक भ्रमणमा गरेको खर्च अनुमान गर्ने एवं अर्थतन्त्रमा आन्तरिक पर्यटनको योगदानको अनुमान गर्ने उद्देश्यका साथ आ.व. २०८१।८२ मा आन्तरिक पर्यटन सर्वेक्षणको फिल्डकार्य संचालन गरिएको थियो । तथ्याङ्क समन्वय कार्यालय, बागलुङको कार्यक्षेत्र भित्रका ५ जिल्लाहरूका १६ वटा नमूना छनौट भएका प्रारम्भिक नमूना एकाइहरूबाट तथ्याङ्क सङ्कलन तथा प्रविष्टी कार्य सम्पन्न गरि समयमा नै राष्ट्रिय तथ्याङ्क कार्यालय, व्यापार शाखामा पठाइएको थियो।

#### २.२.३ वन तथा मत्स्य (Fishery & Forestry) सर्वेक्षणः

माछा पालन गरिएका पोखरीहरुको संख्या, जलाशयको क्षेत्रफल तथा उत्पादन अनुमान गर्ने, माछापालक कृषक/व्यवसायीहरूको वर्गिकरण गर्ने एवं मत्स्य विकासका लागि योजना तथा नीति

निर्माण गर्न आवश्यक मत्स्य तथ्याङ्क उपलब्ध गराउने साथै वनसँग सम्बन्धित सर्वेक्षणका लागि ढाँचा अद्यावधिक गर्दै वन सम्बन्धी नीति निर्माण, योजनाका लागि र अध्ययन अनुसन्धानका लागि तथ्याङ्क उपलब्ध गराउने उद्देश्यका साथ आ.व. २०८१।८२ मा मत्स्य तथा वन तथ्याङ्क सर्वेक्षणका लागि सूचिकरण कार्य देशव्यापीरुपमा संचालन गरीएको हुँदा यस कार्यालयका कार्यक्षेत्रका जिल्लाहरूमा पनि संचालन गरिएको थियो । सो कार्यक्रम संचालन गरी सम्बन्धित प्रतिष्ठानहरूबाट तथ्याङ्क सङ्कलन तथा प्रविष्टी कार्य समयमा नै सम्पन्न गरी राष्ट्रिय तथ्याङ्क कार्यालय , कृषि तथा वन शाखामा पठाइएको थियो ।

### २.२.४ राष्ट्रिय लेखा आधारवर्ष परिवर्तन(National Account Rebasing) सर्वेक्षणः

आ.व. २०८१।८२ मा यस कार्यालयका कार्यक्षेत्र भित्रका जिल्लाहरूबाट राष्ट्रिय लेखा आधार वर्ष परिवर्तन सर्वेक्षणका लागि प्रतिनिधिमूलक रूपमा व्यवसायिक नर्सरीहरू (पाँच वटा), व्यवसायिक बागवानीहरू (तीनवटा), स्वास्थ्य सेवा प्रदायक प्रतिष्ठानहरू (तीन वटा) तथा लेखापरीक्षण सेवा प्रदायक प्रतिष्ठानहरू (तीन वटा) गरी जम्मा १४ वटा प्रतिष्ठानबाट तथ्याङ्क सङ्कलन तथा प्रविष्टी कार्य समयमा नै सम्पन्न गरी राष्ट्रिय तथ्याङ्क कार्यालय ,राष्ट्रियलेखा शाखामा पठाइएको थियो ।

### २.२.५ नाफा नकमाउने संस्थाहरू (NPISH) को सर्वेक्षणः

नाफा नकमाई घरपरिवारलाई सेवा प्रदान गर्ने नमूना छनोटमा परेका यस कार्यालयको कार्यक्षेत्र भित्रका जम्मा ४९ वटा प्रतिष्ठानहरूबाट आ.व. २०८१।८२ मा तथ्याङ्क सङ्कलनको कार्य सम्पन्न गरि समयमा नै राष्ट्रिय तथ्याङ्क कार्यालय, वातावरण शाखामा पठाइएको थियो ।

### २.२.६ अस्थायी वालीको लागत उत्पादन (COP) सर्वेक्षणः

अस्थायी वालीको उत्पादन लागत अध्ययनको लागि यस कार्यालयको कार्यक्षेत्र भित्रबाट नमुना छनौटमा परेका जम्मा १२८ कृषक परिवारबाट छनौटमा परेका अस्थायी वालीहरू (आलु, धान, गहुँ, मकै, कोदो र दाल)को सम्बन्धमा तथ्याङ्क सङ्कलन तथा प्रविष्टी कार्य सम्पन्न गरि समयमा नै राष्ट्रिय तथ्याङ्क कार्यालय, कृषि तथा वन शाखामा पठाइएको थियो ।

### २.२.७ निजी शैक्षिक संस्था (Private Education Institute) सर्वेक्षणः

निजी शिक्षण संस्थाहरूको संरचनागत स्थितिको पहिचान गर्दै शिक्षण सेवा उपलब्ध गराउँदाको लागत, उत्पादन र मूल्य अभिबृद्धि सम्बन्धी अनुमानहरू गर्नुका साथै पूंजिगत तथा स्थायी सम्पत्ती सम्बन्धी तथ्याङ्क उत्पादन गर्ने उद्देश्यका साथ आ.व. २०८१।८२ को उत्तरार्धमा यस कार्यालयको कार्यक्षेत्र भित्रका नमुना छनोटमा परेका १०५ वटा नीजि तथा सामुदायीक शिक्षण संस्थाहरूको तथ्याङ्क सङ्कलन

र प्रविष्टी सम्बन्धी कार्य समयमा नै सम्पन्न गरी राष्ट्रिय तथ्याङ्क कार्यालय, प्रतिष्ठान गणना तथा सर्वेक्षण शाखामा पठाइएको थियो ।

### २.२.८ अन्तर्राष्ट्रिय तुलना कार्यक्रम (ICP)

विभिन्न घरपरिवारका उपभोग्य वस्तु तथा सेवाहरू, भाडा तथा ज्यालादरहरू तथा निर्माण संग सम्बन्धित काम तथा सेवाहरूको मूल्य क्रयशक्तिको (Purchasing Power Parity) आधारमा अन्तर्राष्ट्रिय तुलनाका लागि संचालित आ.व. २०८१।८२ मा सर्वेक्षणमा यस कार्यालयबाट मासिक, त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक रूपमा मूल्य तथ्याङ्को सङ्कलन एवं प्रविष्टीको कार्य सम्पन्न भएको थियो ।

## २.३ गोष्ठी तथा समीक्षा

### २.३.१ विभिन्न स्थानीय तहहरुमा तथ्याङ्कीय साक्षरता तथा क्षमता अभिवृद्धि कार्यक्रम संचालन

तथ्याङ्कको महत्व र प्रयोगका सम्बन्धमा विभिन्न सरोकारवालाहरूलाई सचेत गराउन सकेमा तथ्यमा आधारित निर्णय तथा योजना प्रणालीको विकास गर्न सघाउ पुग्दछ । तथ्याङ्कीय साक्षरता कार्यक्रमले सहि तथ्याङ्कको प्राप्ती र यसको बैज्ञानिक प्रयोग गरी सीमित स्रोत साधनको उच्चतम प्रयोग गरी अधिकतम उपलब्धी हासिल गर्ने दिशा तर्फ उन्मुख गराउन प्रेरीत गर्दछ । यसै कुरालाई मनन् गरी आ.व. २०८१।८२ मा यस कार्यालयमा विनियोजित बजेट तथा कार्यक्रम अनुसार २ पटक स्थानीय तहहरूको लागि साक्षरता कार्यक्रम संचालन गरिएको थियो । यस कार्यक्रमलाई थप विस्तार गर्न आवश्यक देखिन्छ ।

### २.३.२ स्थानीय तहमा राष्ट्रिय तथ्यगत विवरण (NDP) को कार्यान्वयन सम्बन्धि समिक्षा गोष्ठी

विभिन्न क्षेत्रमा छरिएर रहेका तथ्याङ्क एवं सूचनालाई एउटै पोर्टलमा राखी त्यसको अद्यावधिक गर्दै गएमा तथ्याङ्क प्रयोगकर्ता एवं सरोकारवालाहरूलाई अद्यावधिक तथ्याङ्क सहज रुपमा उपलब्ध गराउन सकिन्छ भन्ने हेतुकासाथ राष्ट्रिय तथ्यगत विवरणको शुरूवात गरिएको हो । यसमा सम्बन्धित स्थानीय तहले आफ्ना विभिन्न क्षेत्रसंग सम्बन्धित तथ्याङ्क अद्यावधिक गर्नुपर्ने हुन्छ । यसमा भएका तथ्याङ्क एवं सूचनाहरू जो कोही प्रयोगकर्ताहरूले पनि आवश्यकता अनुसार प्रयोग गर्न सक्दछन् । आ.व. २०८१।८२ मा यस कार्यालयको कार्यक्षेत्र भित्रका स्थानीय तहको सहभागीता हुनेगरी १ पटक राष्ट्रिय तथ्यगत विवरण कार्यान्वयन कार्यक्रमको समीक्षा गोष्ठी गरिएको थियो ।

### २.३.३ आर्थिक गणनाको तथ्याङ्क आवश्यकता विषयमा सरोकारवालासंग प्रदेश /जिल्ला तहमा अन्तरक्रिया /गोष्ठी

आ.व. २०८२।८३ मा संचालन हुन गइरहेको राष्ट्रिय आर्थिक गणनाको महत्व र आवश्यकता सम्बन्धमा सरोकारवालाहरूमा जानकारी गराई सुझाव समेत सङ्कलन गर्ने उद्देश्यका साथ यस कार्यालयबाट बागलुङ र पर्वत जिल्लामा अन्तरक्रिया गोष्ठी संचालन गरिएको थियो ।

### २.३.४ गणना तथा सर्वेक्षणहरुसँग सम्वन्धित सरोकारवालाहरुसँग अन्तरक्रिया तथा छलफल

राष्ट्रिय तथ्याङ्क कार्यालयबाट संचालन गरिने विभिन्न जनगणना तथा सर्वेक्षणहरूको महत्व र त्यसबाट प्राप्त हुने सूचना तथा तथ्याङ्को सम्बन्धमा विभिन्न सरोकारवालाहरूसंग अन्तरक्रिया तथा छलफल कार्यक्रम यस कार्यालयको कार्यक्षेत्र अन्तर्गतको बागलुङ जिल्लामा एक दिने अन्तरक्रिया गोष्ठी सम्पन्न गरिएको थियो ।

## २.४ सम्पादित प्रमुख कार्यक्रमको उपलब्धि

आर्थिक वर्ष २०८१/८२ मा सम्पादित कार्यक्रमबाट भएका उपलब्धि देहायबमोजिम रहेका छन्।

- राष्ट्रिय तथ्याङ्क प्रणालीको समुचित विकास र व्यवस्थापनमा सहयोग पुगेको,
- राष्ट्रिय लेखाको आधार वर्ष परिवर्तन गर्न आवश्यक पर्ने प्रमुख तथ्याङ्क उपलब्ध भएको,
- छोटो अवधिको अर्थतन्त्रको दिशानिर्देश भएको,
- होटल तथा रेष्टुरेण्ट, व्यावसायिक कुखुरापालन र गैरनाफामूलक संस्थामा सिर्जना भएका रोजगारी, लगानी तथा कुल गार्हस्थ्य उत्पादनको मापन भएको,
- औद्योगिक उत्पादक मूल्य, निर्माण क्षेत्रको लागत मूल्य र कृषि उत्पादक मूल्य सूचकाङ्कबाट उत्पादकस्तरमा मूल्यमा हुने परिवर्तन मापन भएको,
- औद्योगिक उत्पादन सूचकाङ्कबाट त्रैमासिक रूपमा उत्पादनमा भएको परिवर्तन मापन भएको,
- आर्थिक क्षेत्रका सर्वेक्षणका लागि आवश्यक नमुना फ्रेम तयार भएको,
- गणनाक्षेत्र नक्साङ्कनबाट गणना तथा सर्वेक्षणको तथ्याङ्क सङ्कलनको योजना, फिल्ड कार्य र प्रसारमा योगदान भएको,
- राष्ट्रिय तथ्यगत विवरण (NDP) को प्रभावकारी कार्यान्वयनबाट स्थानीय तहको तथ्याङ्क अद्यावधिक भएको,
- नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन तथा मूल्याङ्कनका लागि तथ्याङ्क उपलब्ध भएको ।

## खण्ड-३

## माईलस्टोन, भौतिक तथा वित्तिय प्रगति

### ३.१ माईलस्टोन

आर्थिक वर्ष २०८१।८२ मा तथ्याङ्क समन्वय कार्यालय बागलुङमा कुनै पनि माईलस्टोनका कार्यक्रम रहेका छैनन् ।

### ३.२ भौतिक तथा वित्तिय प्रगति

आर्थिक वर्ष २०८१/८२ मा तथ्याङ्क समन्वय कार्यालय बागलुङमा विनियोजन भएका कार्यक्रममा नाफा नकमाई घरपरिवारलाई सहयोग गर्ने संस्थाहरूको सर्वेक्षण, व्यावसायिक कुखुरापालन सर्वेक्षण, निजी शिक्षण संस्था सर्वेक्षण, केही अस्थायी बालीको उत्पादन लागत अध्ययन/सर्वेक्षण र नेपाल बहुसूचक सर्वेक्षण को स्थलगत तथ्याङ्क सङ्कलन, एउटा सर्वेक्षण (आन्तरिक पर्यटन सर्वेक्षण) को १२ मध्ये नौ महिनाको तथ्याङ्क सङ्कलन भएको छ । तथ्याङ्क समन्वय कार्यालय बागलुङको वित्तीय र भौतिक प्रगति यहाँ प्रस्तुत गरिएको छ ।

### ३.२.१ भौतिक प्रगति

आ.व २०८१।८२ मा तथ्याङ्क समन्वय कार्यालय बागलुङले सम्पादन गरेका कार्यक्रमहरुको वार्षिक लक्ष्य र प्रगतिको विवरण

| क्र.सं | क्रियाकलाप | एकाई | भौतिक प्रगति | | |
|---|---|---|---|---|---|
| | | | वार्षिक लक्ष्य | वार्षिक प्रगति | वार्षिक प्रगति % |
| १ | वार्षिक राष्ट्रिय लेखा तथ्याङ्क सङ्कलन | पटक | १ | १ | १००% |
| २ | त्रैमासिक राष्ट्रिय लेखा तथ्याङ्क सङ्कलन | पटक | ४ | ४ | १००% |
| ३ | त्रैमासिक औद्योगिक उत्पादन तथा मूल्य सूचकाङ्कको तथ्याङ्क सङ्कलन | पटक | ४ | ४ | १००% |
| ४ | अन्तर्राष्ट्रिय तुलना कार्यक्रम (International Comparison Program) सम्बन्धी मूल्यको तथ्याङ्क संकलन | पटक | ९ | ९ | १००% |
| ५ | कृषि तथ्यांक संकलन एवं संकलनमा सहजीकरणको लागि अगुवा किसान (नियमित र नयाँ जिल्लामा समेत)लाई यातायात खर्च र फिल्ड सुपरिवेक्षण | पटक | ४ | ४ | १००% |
| ६ | कृषि उत्पादक मूल्य अन्तर्गत अगुवा कृषकलाई प्रोत्साहन खर्च | जना | १० | ९ | ९०% |
| ७ | निर्माण क्षेत्रको सर्वेक्षणको लागि तथ्यांक संकलन | पटक | ४ | ४ | १००% |
| ८ | नेपाल तथ्याङ्कीय रजिष्टर निर्माण तथ्याङ्क अध्यावधिकको तथ्याङ्क संकलन | जिल्ला | २ | २ | १००% |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | नेपाल तथ्याङ्कीय रजिष्टर निर्माण तथ्याङ्क अध्यावधिकको तथ्याङ्क संकलनको सुपरिविरेक्षण | जिल्ला | ३ | ३ | १००% |
| १० | निजी शिक्षण संस्था सर्वेक्षणको स्थलगत तथ्यांक संकलन | पटक | १ | १ | १००% |
| ११ | निजी शिक्षण संस्था सर्वेक्षणको स्थलगत तथ्यांक संकलन कार्यको अनुगमन तथा निरिक्षण (जिल्लाको लागि) | प्र श | १ | १ | १००% |
| १२ | आन्तरिक पर्यटक सर्वेक्षणको स्थलगत तथ्याङ्क सङ्कलन | वटा | १६ | १६ | १००% |
| १३ | NPISHs सर्वेक्षण स्थलगत मूल तथ्याङ्क सङ्कलन | पटक | १ | १ | १००% |
| १४ | व्यवसायिक कुखुरापालन सर्वेक्षणको सूचिकरण कार्य | पटक | १ | १ | १००% |
| १५ | व्यवसायिक कुखुरापालन सर्वेक्षणको स्थलगत मूल तथ्याङ्क सङ्कलन | पटक | १ | १ | १००% |
| १६ | मत्स्य तथा वन तथ्याङ्कको सूचीकरण | पटक | ३ | ३ | १००% |
| १७ | तथ्याङ्क समन्वय कार्यालय (जिल्ला) मार्फत स्थानीय तहमा राष्ट्रिय तथ्यगत विवरण (NDP) को अद्यावधिक | पटक | १५ | १५ | १००% |
| १८ | ३ वटा पालिकाको प्रोफाईल तयारीको लागि तथ्यांक संकलन,तथ्यांक प्रविष्टि,सम्पादन, सुपरिवेक्षण तथा छपाई | वटा | ३ | ० | ०% |
| १९ | Ratio method of Population Projection प्रयोग गरी तथ्याङ्क समन्वय कार्यालय अन्तर्गतका सबै स्थानीय तहहरूको Population Profile अद्यावधिक | प्र श | १ | ० | ०% |
| २० | वार्षिक प्रगति प्रतिवेदन २०८१ को प्रगति | पटक | १ | ० | ०% |
| २१ | गणना तथा सर्वेक्षणहरुसँग सम्वन्धित सरोकारवालाहरुसँग अन्तर्क्रिया तथा छलफल | पटक | १ | १ | १००% |
| २२ | विभिन्न स्थानीय तहहरुमा तथ्याङ्कीय साक्षरता तथा क्षमता अभिवृद्धि कार्यक्रम संचालन | पटक | ४ | २ | ५०% |
| २३ | तथ्यांक संकलनका लागि खटिने करारका गणकको लागि ४ महिनाको तलब डाटा Entry अवधी समेत (Rebasing को लागि) | जना | ० | ० | ०.०% |
| २४ | विविध खर्च (फोटोकपी तथा कार्यलय सञ्चालन खर्च)( रा.ले.Rebasing सम्बन्धि कार्यको) | प्र श | १०० | १०० | १००% |
| २५ | तथ्यांक संकलन र अनुगमन तथा सुपरिवेक्षणका लागि खटिने गणकको दैनिक भ्रमण भत्ता रकम करार गणकको लागि समेत ( रा.ले.Rebasing सम्बन्धि कार्यको) | प्र श | १०० | १०० | १००% |
| २६ | आर्थिक गणनाको तथ्याङ्क आवश्यकता विषयमा सरोकारवालसँग जिल्ला तहमा अन्तर्क्रिया /गोष्ठी | पटक | २ | २ | १००% |
| २७ | जिल्लामा आर्थिक गणनाको प्रश्नावली परीक्षण | वटा | २ | २ | १००% |

| | | | | | |
|---|---|---|---|---|---|
| २८ | तथ्याङ्क समन्वय कार्यालय (जिल्ला) मार्फत स्थानीय तहमा राष्ट्रिय तथ्यगत विवरण (NDP) को कार्यान्वयन सम्बन्धि समिक्षा गोष्ठी (यातायात खर्च समेत) | पटक | ४ | १ | २५% |
| २९ | अस्थायी बालिको उत्पादन लागत सर्वेक्षण (cops) को तथ्याङ्क संकलन | पटक | १ | १ | १००% |
| ३० | ICP rental and housing survey data collection and supervision | प्र श | १०० | १०० | १००% |
| ३१ | स्थानिय तहको नक्साङ्कन कार्य सम्बन्धी तथ्याङ्क संकलन तथा डिजिटाईजेसन (GIS) | वटा | १ | १ | १००% |

यसरी तथ्याङ्क समन्वय कार्यालय बागलुङको आ व २०८१।८२ को पूँजीगततर्फ १०० प्रतिशत र चालुतर्फ ७५.४ प्रतिशत भौतिक प्रगति भएको छ। भौतिक प्रगति गणना गर्दा चालुतर्फको अनिवार्य दायित्व बाहेक कार्यक्रम खर्च तर्फको मात्र समावेश गरिएको छ।


### ३.२.२ वित्तिय प्रगति

आर्थिक वर्ष २०८१/८२ मा तथ्याङ्क समन्वय कार्यालय बागलुङको लागि कुल रू. २ करोड ८ लाख ३४ हजार बजेट विनियोजन भएको थियो जसमा चालुतर्फ रू. १ करोड ९४ लाख ३४ हजार र पुँजीगततर्फ रू. १४ लाख रूपैयाँ रहेको थियो । विनियोजित बजेटमध्ये चालुतर्फ रू. ११ लाख ४८ हजार ६ सय ३६ र पुँजीगततर्फ ६३० रोक्का/खर्च गर्न नमिल्ने भएको थियो । आर्थिक वर्ष २०८१/८२ को बजेट र खर्चको सारांश तथा वित्तीय प्रगति यहाँ प्रस्तुत गरिएको छ

आर्थिक वर्ष २०८१।८२ को बजेट र खर्चको सारांश तथा वित्तिय प्रगति

| क स | बजेट कोड | बजेट उपशिर्षक | बजेट (रु हजारमा) | | | रोक्का/खर्च गर्न नमिलेको (रु हजारमा) | | | खर्च (रु हजारमा) | | | वित्तिय प्रगति | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | चालु | पूँजिगत | जम्मा | चालु | पूँजिगत | जम्मा | चालु | पूँजिगत | जम्मा | चालु | पूँजिगत | जम्मा |
| १ | ३०१०८०१२ | तथ्याङ्क समन्वय कार्यालय बागलुङ | १९४३४ | १४०० | २०८३४ | ११४९ | ०.६३ | ११४९ | ८२३० | १३७८ | ९६०८ | ०.४२ | ०.९८४ | ०.४६१ |

आर्थिक वर्ष २०८१।८२ मा तथ्याङ्क समन्वय कार्यालय बागलुङको चालुतर्फ ४२ प्रतिशत र पुँजीगत तर्फ ९८ प्रतिशत गरि कुल ४६.१प्रतिशत वित्तिय प्रगति भएको छ।


120
100
80
60
40
20
0
४२.३
९८.४
४६.७
चालु
पूँजिगत
जम्मा
आर्थिक वर्ष २०८१।८२ को समग्र वित्तिय प्रगति

# खण्ड ४
# विविध

## ४.१ तथ्याङ्क समन्वय कार्यालय बागलुङबाट जारि गरिएको नागरिक वडापत्र

| क्र.सं. | सेवाका प्रकार | पेश गर्नुपर्ने कागजात | सेवा प्राप्त गर्न लाग्ने समय | लाग्ने दस्तुर | जिम्मेवार फाँट/कर्मचारी | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | गणना सम्बन्धित सूक्ष्म कोरा तथ्याङ्क बिक्री | सूक्ष्म कोरा तथ्याङ्कको प्रयोगको प्रयोजन खुलाई लिखित निवेदन र निवेदकको परिचय पत्रको प्रतिलिपी | राजस्व प्राप्त भएको ३ कार्यदिन भित्र | (क) नेपाल स्थित विद्यालय/ क्याम्पस/ विश्वविद्यालयका विद्यार्थी रु. ४,०००।- <br>(ख) नेपाल स्थित विद्यालय/ क्याम्पस/ विश्वविद्यालयका विद्यार्थी बाहेक अन्य नेपाली नागरिक रु. ५,०००।- <br>(ग) सरकारी निकाय/संस्था/राष्ट्रिय गैरसरकारी संस्था रु. ८,०००।- | तथ्याङ्क समन्वय अधिकारी वा निजले तोकेको अधिकृत | |
| २. | सर्वेक्षण सम्बन्धित सूक्ष्म कोरा तथ्याङ्क बिक्री | सूक्ष्म कोरा तथ्याङ्कको प्रयोगको प्रयोजन खुलाई लिखित निवेदन र निवेदकको परिचय पत्रको प्रतिलिपी | राजस्व प्राप्त भएको ३ कार्यदिन भित्र | (क) नेपाल स्थित विद्यालय/ क्याम्पस/ विश्वविद्यालयका विद्यार्थी रु. २५००।– <br>(ख) नेपाल स्थित विद्यालय/ क्याम्पस/ विश्वविद्यालयका विद्यार्थी बाहेक अन्य नेपाली नागरिक रु. ३०००।- <br>(ग) सरकारी निकाय/ संस्था/राष्ट्रिय गैरसरकारी संस्था रु. ५०००।- | तथ्याङ्क समन्वय अधिकारी वा निजले तोकेको अधिकृत | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. | सरकारी निकाय वा सार्वजनिक संस्थालाई तथ्याङ्क सम्बन्धी कार्यमा सहयोग गर्ने | लिखित निवेदन र निर्णयको प्रतिलिपी | | | तथ्याङ्क समन्वय अधिकारी वा निजले तोकेको अधिकृत | लाग्ने खर्च सम्बन्धित निकाय वा संस्थाले व्यहोर्नु पर्ने |
| ४. | प्रकाशन वितरण | लिखित निवेदन र निवेदकको परिचय पत्रको प्रतिलिपी | निवेदन प्राप्त भएकै दिन | निःशुल्क | प्रशासन फाँट | |
| ५. | पुस्तकालय सेवा | परिचय खुल्ने कागजात | कार्यालय समयभित्र | निःशुल्क | प्रशासन फाँट | |

## ४.२ तथ्याङ्क समन्वय कार्यालय बागलुङको स्वीकृत दरवन्दी तथा पदपूर्ती

| क्र.स | पद | सेवा समुह | श्रेणी | कुल दरवन्दी | जम्मा पदपूर्ती | रिक्त |
|---|---|---|---|---|---|---|
| १ | तथ्याङ्क समन्वय अधिकारी | नेपाल आर्थिक योजना तथा तथ्याङ्क | रा प दितिय | १ | १ | |
| २ | तथ्याङ्क अधिकृत | नेपाल आर्थिक योजना तथा तथ्याङ्क | रा.प.तृतीय | २ | १ | १ |
| ३ | सुपरिवेक्षक | नेपाल आर्थिक योजना तथा तथ्याङ्क | रा. प. अनं. प्रथम | ५ | ३ | २ |
| ४ | सह लेखापाल | प्रशासन, लेखा | रा. प. अनं. द्बितिय | १ | १ | - |
| ५ | गणक | नेपाल आर्थिक योजना तथा तथ्याङ्क | रा. प. अनं. द्बितिय | ३ | १ | २ |
| ६ | खरिदार | प्रशासन,सामान्य प्रशासन | रा. प. अनं. द्बितिय | २ | २ | - |
| ७ | कार्यालय सहयोगी | प्रशासन, सामान्य प्रशासन | श्रेणी विहिन | २ | २ | - |
| | | | **जम्मा** | **१६** | **११** | **५** |

## ४.३ तथ्याङ्क कार्यालयका कार्यालय प्रमुखहरुको नामावली

वि.सं. २०५० मा शाखा तथ्याङ्क कार्यालय बागलुङको स्थापना पछी वि.स. २०८० पौष ११ सम्म कार्यालय प्रमुख रा. प. तृतिय श्रेणीको दरवन्दी (तथ्याङ्क अधिकृत) रहेको थियो भने मिति २०८० पौष १२ गतेको मन्त्रिपरिषद्को निर्णय तथा राष्ट्रिय किताबखाना (निजामती) को मिति २०८०।११।११ मा तथ्याङ्क समन्वय कार्यालयहरुको संगठन संरचना तथा दरवन्दी तेरीज अनुसारको संगठन तथा पद दर्ता, खारेज र थपघटसमेतको निर्णय भएको दिन देखि रा. प. द्धितिय श्रेणीको दरवन्दी (तथ्याङ्क समन्वय अधिकारी) कायम भएको छ। हालसम्मका कार्यालय प्रमुखको नामावली देहायअनुसार रहेको छ।

| क्र.स. | नाम थर | पद | देखि | सम्म |
|---|---|---|---|---|
| १ | श्री सुरेन्द्र प्र श्रीवास्तव | का.मु. तथ्याङ्क अधिकृत | २०५०।०५।२७ | २०५३।०२।०९ |
| २ | श्री इश्वरी प्र भण्डारी | तथ्याङ्क अधिकृत | २०५३।०२।१० | २०५५।०८।१४ |
| ३ | श्री तुलसी राम पोखेल | नि. तथ्याङ्क अधिकृत | २०५५।०८।१५ | २०५६।०१।२० |
| ४ | श्री दामोदर ज्ञवाली | तथ्याङ्क अधिकृत | २०५६।०१।२१ | २०६०।०६।३१ |
| ५ | श्री दिनानाथ लम्साल | नि. तथ्याङ्क अधिकृत | २०६०।०७।०१ | २०६२।०३।०७ |
| ६ | श्री प्रमोद राज रेग्मी | तथ्याङ्क अधिकृत | २०६२।०३।०८ | २०६५।११।३० |
| ७ | श्री रामवन्धु रेग्मी | तथ्याङ्क अधिकृत | २०६५।१२।२७ | २०६९।०६।२३ |
| ८ | श्री गुरु प्रसाद आचार्य | नि. तथ्याङ्क अधिकृत | २०६९।०६।२४ | २०७०।०२।२९ |
| ९ | श्री निराजन शर्मा | तथ्याङ्क अधिकृत | २०७०।०२।३० | २०७२।०९।३० |
| १० | श्री मुकुन्द प्र शर्मा | तथ्याङ्क अधिकृत | २०७२।१०।०१ | २०७९।०३।१४ |
| ११ | श्री हरि प्र शर्मा | नि. तथ्याङ्क अधिकृत | २०७९।०३।२१ | २०७९।०४।२८ |
| १२ | श्री चन्द्रकान्त सुवेदी | तथ्याङ्क अधिकृत | २०७९।०४।२९ | २०८१।०३।०१ |
| १३ | श्री महेश प्रसाद ढुङ्गाना | तथ्याङ्क समन्वय अधिकारी | २०८१।०३।०२ | |

## ४.४ बेरुजुको अवस्था

आ व २०८१।८२ सम्ममा यस कार्यालयको नाममा कुनै पनि शिर्षकमा बेरुजु रहेको देखिन नआएको।

## ४.५ राजस्व

यस कार्यालयको आ व २०८१।८२ मा कुल रु ४८०० (अक्षरुपी चार हजार आठ सय मात्र ) राजस्व संकलन भएको।

## ४.६ धरौटी

यस कार्यालयको आ व २०८१।८२ मा कुल धरौटी रु ३८१६१ (अक्षरुपी अठ्तीस हजार एक सय एकसट्ठी ) रहेको।

## ४.७ कार्यालयको प्रमुख समस्या, चुनौति तथा समस्या समाधानका उपायहरु

**प्रमुख समस्या/ चुनौतिः**

- दरवन्दी अनुसारको पदपूर्ती हुन नसकेको।
- कार्यालयको कार्यक्षेत्र ५ जिल्लाका ३९ वटा स्थानिय तह भएको तथा भौगोलिक बिकटताले गर्दा तथ्याङ्क संकलन, सुपरिवेक्षण तथा कार्यक्रम कार्यान्वयन गर्न कठिन रहेको।
- कार्यालयमा २ पाङ्ग्रे तथा ४ पाङ्ग्रे सवारी साधनको अभाव रहेको।
- कर्मचारीको संख्या र वार्षिक कार्यक्रम बिच तादात्म्यता नमिलेको।

**समस्या समाधानका उपायहरुः**

- दरवन्दी अनुसारको पदपूर्तीको लागि लोक सेवा माग तथा राष्ट्रिय तथ्याङ्क कार्यालयमा आवश्यक पहल गरिरहेको।
- कार्यालयको कार्यक्षेत्र ५ जिल्लाका ३९ वटा स्थानिय तह रहेकोमा स्याङ्जा जिल्ला भौगोलिक रुपले काम गर्न कठिन रहेकोले नजिकको कार्यालय वा कार्यक्षेत्र मिल्ने कार्यालयलाई हस्तान्तरण गर्नुपर्ने।
- कार्यालयमा २ पाङ्ग्रे तथा ४ पाङ्ग्रे सवारी साधनको अभाव रहेकोले राष्ट्रिय तथ्याङ्क कार्यालयमा माग गरेको।
- राष्ट्रिय तथ्याङ्क कार्यालयले वार्षिक कार्यक्रम बनाउँदा कर्मचारीको संख्या र कार्यक्रम बिच तादात्म्यता  मिलाई कार्यक्रम बनाउनुपर्ने।